# राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७७

**प्रस्तावना**: वानस्पतिक विविधताको पहिचान, अध्ययन अनुसन्धान, प्रविधि विकासमा उल्लेखनीय योगदान पु-याउने एवं वनस्पतिको संरक्षण, सम्बर्द्धन एवम् दिगो उपयोग मार्फत देशको सामाजिक, आर्थिक, वातावरणीय विकासमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई सम्मान गर्ने एवं अनुसन्धानकर्तालाई वनस्पति सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रविधि विकास तर्फ उत्प्रेरित गर्ने उद्देश्यले वनस्पति विभागको स्वर्ण महोत्सवको उपलक्ष्यमा नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०६६।१२।१६ को निर्णयानुसार राष्ट्रिय वनस्पति पुरस्कार, २०६६ स्थापना गरिएकोमा सो पुरस्कार वितरण गर्ने प्रयोजनार्थ यो कार्यविधि तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "अध्ययन अनुसन्धान" भन्नाले व्यक्तिले औपचारिक अध्ययनको क्रममा स्नातकोत्तर तहमा गरेको शोध प्रबन्ध (थेसिस), विद्यावारिधी गर्दाको शोधपत्र (पेपर), राष्ट्रिय/अन्तर्राष्ट्रिय शोधपत्रिका (जर्नल) मा प्रकाशन भएका अन्य शोधपत्र, वा अनौपचारिक अध्ययनको क्रममा हासिल गरी स्थापित भएका ज्ञान, जानकारी सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(ग) "दिगो उपयोग" भन्नाले वानस्पतिक विविधता एवं उपलब्धतामा कमी नपुग्ने गरी सामाजिक, आर्थिक रूपमा गरिने वनस्पतिको दीर्घकालीन सदुपयोग सम्झनु पर्छ ।

(घ) "पहिचान" भन्नाले वनस्पतिको आकार, प्रकार, अङ्ग आदिको नापजाँच; रासायनिक परीक्षण, कोषीय अध्ययन, आनुवांशिक अध्ययन वा अन्य वैज्ञानिक पद्धतिद्वारा पहिचान गरी नामाकरण गरिएको सम्झनु पर्छ ।

(ङ) "पुरस्कार" भन्नाले राष्ट्रिय वनस्पति पुरस्कारलाई सम्झनु पर्छ ।

(च) "प्रविधि विकास" भन्नाले वनस्पतिको अध्ययन गर्न वा वनस्पति स्रोतको मूल्य अभिवृद्धि गर्न प्रादुर्भाव वा आयात गरी प्रयोग गरिने/गरिएको विधि (मेथड) वा प्रविधि (टेक्नोलोजी), वा त्यस्तो विधि/प्रविधिको क्षमता अभिवृद्धि गर्न गरिएको परिवर्तन वा सुधार सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्छ ।

(झ) "विज्ञ" भन्नाले वनस्पतिशास्त्र वा रसायनशास्त्र वा फर्मास्युटिकल्स वा आयुर्वेदिक विधा अन्तर्गत वनस्पति स्रोतको अध्ययन, अनुसन्धान, वैज्ञानिक पहिचान, रसायनिक विश्लेषण, प्राध्यापन एवं कार्यान्वयनमा १५ वर्ष भन्दा बढी समय सेवा गरी ख्याती प्राप्त गरेको वा राष्ट्रिय वनस्पति पुरस्कारबाट सम्मानित भइसकेका व्यक्तिलाई सम्झनु पर्छ ।

(ञ) "व्यक्ति" भन्नाले पुरस्कारको लागि आवेदन दिएका वा सिफारिस गरिएका नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(ट) "संरक्षण, सम्बर्द्धन" भन्नाले वानस्पतिक स्रोतको विवेकपूर्ण प्रयोग तथा निरन्तरता र त्यसको गुणात्मक पक्षलाई कायम गरिने योजना तथा व्यवस्थापन, स्वदेशी लोपोन्मुख वनस्पतिहरूको

पहिचान र प्रवर्द्धन वा बाह्य मिचाहा वनस्पतिको पहिचान र नियन्त्रण गर्ने सम्बन्धमा गरिने शोधकार्य र व्यावहारिक व्यवस्थापन सम्झनु पर्छ ।

(ठ) “समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित राष्ट्रिय वनस्पति पुरस्कार मूल्याङ्कन समिति सम्झनु पर्छ ।

३. **राष्ट्रिय वनस्पति पुरस्कार मूल्याङ्कन समितिको गठनः** (१) पुरस्कार प्रदान गरी सम्मान गर्नु पर्ने व्यक्तिको चयन गर्ने प्रयोजनको लागि देहायका सदस्यहरू भएको राष्ट्रिय वनस्पति पुरस्कार मूल्याङ्कन समिति गठन गरिएको छ ।

| | |
|---|---|
| (क) महानिर्देशक, वनस्पति विभाग | संयोजक |
| (ख) सह–सचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ग) प्रतिनिधि (सह–सचिव स्तर), नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (घ) प्रतिनिधि (सह–सचिव स्तर), नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| (ङ) प्रतिनिधि (प्राध्यापक वा सह–प्राध्यापक), वनस्पति शास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| (च) प्रतिनिधि (प्राध्यापक वा सह–प्राध्यापक), वन विज्ञान अध्ययन संस्थान, त्रि. वि. | सदस्य |
| (छ) वानस्पतिक जगतमा ख्यातिप्राप्त विज्ञहरु मध्येबाट विभागले मनोनयन गरेका यथासम्भव एक जना महिला सहित २ जना विषय विज्ञहरु | सदस्य |
| (ज) उप–महानिर्देशक, व्यवस्थापन तथा विकास महाशाखा वनस्पति विभाग | सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनित सदस्यहरूको पदावधि मनोनयन भएको आर्थिक वर्ष सम्मको लागि हुनेछ । निजहरूको पुनः मनोनयन हुन सक्नेछ ।

(३) समितिले आवश्यक ठानेमा कुनै विज्ञलाई समितिको बैठकमा स्वतन्त्र पर्यवेक्षक /परामर्शदाताको रूपमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) राष्ट्रिय वनस्पति पुरस्कारबाट सम्मानयोग्य तीन जना व्यक्तिको चयन गरी विभाग समक्ष सिफारिस गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) सम्मानयोग्य व्यक्तिको चयन गर्न समितिले देहायका काम गर्नेछः

(क) पुरस्कार छनौटको लागि विभाग मार्फत दफा ६ को उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्ने ।

(ख) पुरस्कारका लागि प्राप्त आवेदनहरु वा सिफारिस गरिएका व्यक्तिहरु मध्येबाट दफा ६ को उपदफा (९) बमोजिम तयार गरिएको आवेदकको योग्यताक्रमको सूची (अनुसूची -३) को आधारमा औसत ५० अङ्क प्राप्त गरेका आवेदकहरु मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उत्कृष्ट तीन व्यक्तिको नाम विभागमा सिफारिस गर्ने । यदि औसत अङ्क ५० प्राप्त गरेका आवेदकको संख्या तीन जना भन्दा कम (१ जना वा २ जना) भए त्यतीनै सिफारिस गर्ने र एक जनाले पनि औसत ५० अङ्क प्राप्त गर्न नसकेको अवस्थामा कसैलाई पनि सो वर्ष सिफारिस नगर्ने ।

(ग) खण्ड (ख) बमोजिम सिफारिस गर्दा समान अङ्क प्राप्त गर्ने व्यक्तिहरूलाई उनीहरुको योग्यताक्रम निर्धारण गरी सिफारिस गर्ने ।

(३) समितिलाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) स्वतन्त्र विज्ञ चयन गर्न मापदण्ड बनाउने, चयन गर्ने र बैठकमा आमन्त्रण गर्ने ।

(ख) दफा ६ बमोजिम सम्मानयोग्य व्यक्तिको चयन गरी सिफारिस गर्ने प्रक्रियामा कुनै द्विविधा भएमा अन्तिम निर्णय गर्ने ।

(ग) खण्ड (ख) बमोजिमको निर्णय कार्यविधिमा सम्मिलन गर्नु पर्ने भएमा सिफारिस गर्ने ।

**५. <u>समितिको बैठक, निर्णय र कार्यविधिः</u>** (१) समितिको बैठक संयोजकले तोकेको स्थान, मिति र समयमा आवश्यकतानुसार बस्नेछ । सदस्य-सचिवले संयोजकको निर्देशन बमोजिम बैठकको स्थान, मिति, समय र छलफलका विषय सम्बन्धी जानकारी सदस्यहरूलाई कम्तीमा तीन दिन अगावै पत्र वा इमेलबाट गराउनेछ । सामान्यतया समितिको प्रथम बैठक प्रत्येक आर्थिक वर्षको दोश्रो चौमासिकमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको निर्णय सदस्य-सचिवले निर्णय पुस्तिकामा जनाई संयोजकबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(४) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**६. <u>सम्मानयोग्य व्यक्तिको चयन प्रकृयाः</u>** (१) सम्मानयोग्य व्यक्तिको नाम छनौट गर्ने सिलसिलामा व्यक्तिगत विवरण सहित पेश गर्न वा सिफारिस गर्नका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिनेछ । यसरी सूचना जारी भए पश्चात् इच्छुक व्यक्तिले स्वयं वा प्रतिनिधि मार्फत् अनुसूचि-१ बमोजिमको आवेदन भरी विभागमा पेश गर्नु पर्नेछ । तर समितिमा आवद्ध संस्था एवं समितिका सदस्यहरुले आफु र आफ्ना नातेदारको सिफारिस गर्न एवं आवेदन दिन पाउने छैनन् । समितिका कुनै सदस्यको आफन्तले पुरस्कारका लागि आवेदन दिएको खण्डमा सम्बन्धित सदस्यले समितिलाई जानकारी गराउनु उसको कर्तव्य हुनेछ, उक्त सदस्यले मूल्याङ्कन प्रक्रियाबाट अलग्गिनु पर्नेछ । तर कुनै संस्था वा व्यक्तिले एक भन्दा बढीको सिफारिस गर्न बाधा पर्ने छैन ।

**टिप्पणीः** यो पुरस्कार मरणोपरान्त पनि प्रदान गर्न सकिने भएकोले निधन भैसकेको योग्य व्यक्तिको नाम समेत सिफारिस गर्न सकिनेछ ।

(२) नेपाली नागरिकले मात्र अनुसूची -१ बमोजिमको आवेदन भरी पेश गर्न पाउनेछन् ।

(३) अनुसूचि -१ र सो साथ संलग्न कागजातहरुमा उल्लेखित विवरणहरूलाई अङ्क प्रदान गर्ने मुख्य आधार मानिनेछ ।

(४) सम्मानयोग्य व्यक्तिको छनौट गर्न राष्ट्रिय वनस्पति पुरस्कारको उद्देश्य समेतलाई ध्यान दिई तयार गरिएको अनुसूची-२ बमोजिमको मूल्याङ्कन फारम प्रयोग गरिनेछ ।

(५) पुरस्कार छनौटका आधार तथा सूचकहरु अनुसूची -२ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिम आवेदन संकलन भैसकेपछि दफा ५ बमोजिम समितिको बैठक बसी मूल्याङ्कन गरिनेछ ।

(७) समितिका प्रत्येक सदस्यले प्रत्येक प्रतिष्पर्धी आवेदकको मूल्याङ्कन अनुसूची-२ मा उल्लेखित आधार तथा सूचकहरु अनुरूप गर्नेछ ।

(८) उपदफा (७) बमोजिम समितिका सबै सदस्यबाट आवेदकले प्राप्त गरेको अङ्कहरू जोडी औसत अङ्क निकालिनेछ ।

(९) उपदफा (८) बाट प्राप्त औसत अंक को आधारमा आवेदकहरुको योग्यताक्रमको सूची तयार गरिनेछ ।

७. **<u>विभागको कार्यः</u>** (१) विभागले पुरस्कारको लागि अनुसूची-१ बमोजिमको आवेदन दिन समितिको निर्णय बमोजिम मंसीर/पुष महिनामा कम्तिमा २ (दुई) पटक जम्मा ३० दिनको समयसीमा नकट्ने गरी पहिलो पटक सूचना जारी गरेको तीन हप्तामा पुनः स्मरणात्मक सूचना राष्ट्रिय दैनिक पत्रिकामा जारी गर्नेछ । साथै सो सूचना वन तथा वातावरण मन्त्रालय र वनस्पति विभागको Website एवं सूचना पाटीमा समेत प्रकाशित गर्नेछ ।

(२) प्रचार प्रसारको माध्यमबाट पुरस्कारको लागि योग्य व्यक्ति को नाम संकलन गरी प्राप्त भएका आवेदनहरुको आधारमा सम्भावित उम्मेदवारहरुको एक सूची तयार गरिनेछ ।

(३) विभागको प्रचार प्रसार तथा डकुमेन्टेशन शाखाले समितिको सचिवालयको रूपमा कार्य गर्नेछ र सदस्य-सचिवको समन्वयमा उपदफा (२) बमोजिमको सूचीमा समाविष्ट उम्मेदवारहरुको प्रारम्भिक छनौट/जाँच गर्नेछ ।

(४) प्रारम्भिक छनौट गर्दा अनुसूचि-१ मा उल्लेखित र सो साथ संलग्न कागजातहरुमा उल्लेखित विवरणहरूलाई रुजु गरी सचिवालयले अन्तिम नामावली तयार गर्नेछ ।

(५) सचिवालयले समितिको बैठक संचालन सम्बन्धी व्यवस्था मिलाउनेछ ।

(६) विभागले समितिबाट दफा ४ को उपदफा (२) को खण्ड (ख) वा खण्ड (ग) बमोजिम सिफारिस भैआएको नामावली अनुमोदन गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नेछ र मन्त्रालयले अन्तिम निर्णय गर्नेछ ।

(७) एक भन्दा बढी व्यक्तिलाई पुरस्कार प्रदान गर्ने गरी निर्णय भएमा विभागले पुरस्कार रकम मध्येबाट दामासाहिले समान रुपमा प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

८. **<u>पुरस्कार राशिः</u>** पुरस्कारको कुल राशि रु. २,००,०००।- (अक्षरुपी रु दुई लाख मात्र) रहने छ ।

९. **<u>अन्तिम व्याख्या गर्नेः</u>** यस कार्यविधिमा कुनै द्विविधा भएमा वा थप स्पष्ट गर्नु पर्ने भएमा अन्तिम व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

१०. **<u>खारेजीः</u>** राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७२ खारेज गरिएको छ ।

## अनुसूची -१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

# राष्ट्रिय वनस्पति पुरस्कारको लागि आवेदन फारमको ढाँचा

| | | |
|---|---|---|
| आवेदकको विवरण | नाम थरः | |
| | जन्म मितिः | नागरिकता नं.: |
| | स्थायी ठेगानाः<br>हालको ठेगानाः | फोन नं.:<br>इमेल ठेगानाः |
| शैक्षिक योग्यता | | |
| संलग्नता (हाल कार्यरत संस्था/निकाय, कार्य जिम्मेवारी, पद समेत उल्लेख गर्ने) | | |
| विज्ञताको क्षेत्रहरु | | |
| प्रकाशन (राष्ट्रिय/अन्तर्राष्ट्रिस्तर)<br>१. अनुसन्धानात्मक लेख/रचना सख्या<br>२. अन्य प्रकाशन पुस्तक सख्या | | |
| अन्य संघ संस्थाहरुमा आबद्धता | | |
| सिफारिस गर्नाको प्रमुख कारण (सिफारिस गर्नेको हकमा मात्र) | | |

**फारमसाथ संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) वैयक्तित विवरण (अनुसूची – १ क बमोजिम)

(ख) नागरिकताको प्रतिलिपि

(ग) हालसालै खिचेको पासपोर्ट साईजको फोटो

मैले यस आवेदन फारममा उल्लेख गरेका विवरण तथा फारमसाथ पेश गरेका कागजातहरु ठिक दुरुस्त छन्, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मितिः.................. आवेदक/सिफारिस गर्नेको दस्तखतः..............

नामः ...............

यस ढाँचा बमोजिम कुनै प्रतिभाशाली व्यक्तिको विवरण उल्लेख गरी विश्वविद्यालय, शिक्षण संस्था वा नेपाल सरकारका मातहतका निकाय, प्रदेश तथा स्थानीय तह वा अन्य कुनै व्यक्तिले समेत सिफारिस गर्न सक्नेछन् र त्यस्तो सिफारिसको आधारमा समेत समितिले सुची तयार गर्न र पुरस्कारको लागी सिफारिस गर्न सक्नेछ ।

---

कार्यालय प्रयोजनका लागि मात्रः

दर्ता नं.

मितिः

## अनुसूची – १ क

### वैयक्तित विवरणको ढाँचा

| S. No. | Description | |
|---|---|---|
| 1 | Name | |
| 2 | Date of Birth | |
| 3 | Citizenship No. | |
| 4 | Permanent Address | |
| 5 | Current Address | |
| 6 | Phone | |
| 7 | Email ID | |
| 8 | Current affiliation | |
| 9 | Academic Qualification (mention completed year and Major subjects/Topics/Title) | |
| 10 | Number and title of Publications in International Journal (specify author or co-author) | 1.<br>2.<br>3.<br>.....<br>..... |
| 11 | Number and title of Publications in National Journal (specify author or co-author) | 1.<br>2.<br>3.<br>.....<br>..... |
| 12 | Number of Book Publication (specify author or co-author) | 1.<br>2.<br>....<br>.... |
| 13 | Popular articles published in Digital or Print media | 1.<br>2.<br>3.<br>.....<br>..... |
| 14 | Policy Level Document Preparation | 1.<br>....<br>.... |
| 15 | Implementation Level Document Preparation | 1.<br>....<br>.... |
| 16 | New to Plant Science (Publication) | 1.<br>....<br>.... |
| 17 | New Plant species to Nepal (Publication) | 1.<br>....<br>.... |
| 18 | Grant received for Plant research | 1.<br>.... |

| | | |
|---|---|---|
| | | .... |
| 19 | Award certificate or appreciation letter for plant based research | 1.<br>....<br>.... |
| 20 | Journal Publication for finding of new phytochemical molecule | 1.<br>2.<br>....<br>.... |
| 21 | Patenting on technology, Skill and Knowledge | 1.<br>....<br>.... |
| 22 | Innovative research based on Traditional Knowledge (TK) for product development (Registered in Intellectual Property Right /IPR) | 1.<br>....<br>.... |
| 23 | Contribution on Humanitarian, Social, Economic & Environmental sector | Description on the given four points within 250 words (maximum) |
| 24 | Involvement/Membership in the relevant National or International Organizations (Certificates should be submitted) | 1.<br>2.<br>3.<br>.....<br>..... |
| 25 | Significance of the research based on the citations (Specify total number of citations and mention the source) | |
| 26 | Capacity development, Knowledge transfer and extension | 1.<br>2.<br>....<br>.... |
| 27 | Leadership and Collaboration role in relevant organizations | 1.<br>2.<br>....<br>.... |
| 28 | Working Experience in relevant field (years) | |
| 29 | Other relevant information if any | |

## अनुसूची-२

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको मूल्याङ्कन फारम (कार्यक्षेत्रगत)

| कार्यक्षेत्र → / उम्मेदवारको नाम ↓ | अध्ययन अनुसन्धान तथा प्रकाशन (Research) (५०) | वस्तु, प्रविधि विकास तथा नवीनतम सृजना (Product, Technology Development & Innovation) (१५) | संरक्षण/सम्वर्द्धन तथा दिगो उपयोग (मानवीय, सामाजिक,आर्थिक र वातावरणीय योगदान) Conservation/Promotion & Sustainable Use (Humanitarian, Socio-economic & Environmental contribution) (१०) | पहुँच (Out reach) (१०) | शैक्षिक पृष्ठभूमि (Educational Background) (१०) | वस्तुनिष्ठ मूल्याङ्कन (समग्रताका आधारमा) (५) | जम्मा प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| .... | | | | | | | |
| .... | | | | | | | |

टिप्पणी: कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

मुल्याङ्कन कर्ताको

हस्ताक्षर: .............

नाम: ...................

ठेगाना: ................

मिति: ..................

## अनुसूची-२ क

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको मूल्याङ्कन फारम

**कार्यक्षेत्र : अध्ययन अनुसन्धान तथा प्रकाशन (Research & Publication) (५०)**

| सूचक → / उम्मेदवारको नाम ↓ | प्रकाशन | | | | | | दस्तावेज तयारी | | अध्ययन अनुसन्धानको लागि प्राप्त | | जम्मा प्राप्ताङ्क (५०) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जर्नल | | पुस्तक (६) | जानकारीमुलक लेख रचना (३) | नयाँ वनस्पति पहिचान (प्रकाशित) | | नीतिगत (३) | कार्यगत (२) | ग्रान्ट (२) | पुरस्कार वा सम्मान (४) | |
| | अन्तर्राष्ट्रिय (१२) | राष्ट्रिय (९) | | | वैज्ञानिक जगतको लागि नयाँ (६) | नेपालको लागि नयाँ (३) | | | | | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| .... | | | | | | | | | | | |
| .... | | | | | | | | | | | |

टिप्पणी: कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

मुल्याङ्कन कर्ताको

हस्ताक्षर: .............

नाम: ..................

ठेगाना: ................

मिति: ..................

## अनुसूची -२ ख

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको मूल्या ङ्कन फारम

**कार्यक्षेत्र : वस्तु, प्रविधि विकास तथा नवीनतम सृजना (Product, Technology Development & Innovation)** (१५)

| सूचक → / उम्मेदवारको नाम ↓ | नयाँ फाइटोकेमिकल मोलिक्युलको खोजी (प्रकाशित) (५) | प्रविधि, सीप, ज्ञानको पेटेन्ट (५) | वनस्पतिको नयाँ अनुसन्धान वा परम्परागत ज्ञानमा आधारित नवीनतम वस्तु उत्पादन (बौद्धिक अधिकार दर्ता गरिएको) (५) | जम्मा प्राप्ताङ्क (१५) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| .... | | | | |
| .... | | | | |

टिप्पणी: कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

मुल्याङ्कन कर्ताको

हस्ताक्षर: .............

नाम: ...................

ठेगाना: ................

मिति: ..................

## अनुसूची -२ ग

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको मूल्याङ्कन फारम

**कार्यक्षेत्र : संरक्षण/सम्वर्द्धन तथा दिगो उपयोग (मानवीय, सामाजिक, आर्थिक र वातावरणीय योगदान) Conservation/Promotion & Sustainable Use (Humanitarian, Social, Economic & Environmental contribution)** (१०)

| सूचक → / उम्मेदवारको नाम ↓ | मानवीय योगदान (२.५) | सामाजिक योगदान (२.५) | आर्थिक योगदान (२.५) | वातावरणीय योगदान (२.५) | जम्मा प्राप्ताङ्क (१०) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| .... | | | | | |
| .... | | | | | |

टिप्पणी: कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

मुल्याङ्कन कर्ताको

हस्ताक्षर: .............

नाम: ...................

ठेगाना: ................

मिति: ..................

## अनुसूची -२ घ

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको मूल्याङ्कन फारम**

**कार्यक्षेत्र : पहुँच (Out reach) (१०)**

| सूचक → / उम्मेदवारको नाम ↓ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धित संस्थामा आबद्धता (३) | अध्ययनको महत्व (citations) (३) | क्षमता विकास, ज्ञानको प्रशारण तथा उपयोगिता (२) | सम्बन्धित संस्थामा नेतृत्व तथा समन्वय (२) | जम्मा प्राप्ताङ्क (१०) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ..... | | | | | |
| ..... | | | | | |

टिप्पणीः कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

मुल्याङ्कन कर्ताको

हस्ताक्षरः .............

नामः ...................

ठेगानाः ................

मितिः ..................

## अनुसूची -२ ङ

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको मूल्या ङ्कन फारम

**कार्यक्षेत्र : शैक्षिक पृष्ठभूमि (Educational Background) (१०)**

| सूचक → / उम्मेदवारको नाम ↓ | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण (१) | स्नातक तह उत्तीर्ण (२) | स्नातकोत्तर तह उत्तीर्ण (३) | विद्यावारिधि उपाधी प्राप्त (४) | जम्मा प्राप्ताङ्क (१+२+३+४=१०) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ..... | | | | | |
| ..... | | | | | |

टिप्पणी: कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

मुल्याङ्कन कर्ताको

हस्ताक्षर: .............

नाम: ...................

ठेगाना: ................

मिति: ..................

## अनुसूची -३

(दफा ६ को उपदफा (९) सँग सम्बन्धित)

**राष्ट्रिय वनस्पति पुरस्कार उम्मेदवारहरुको**

**औसत प्रासाङ्कको आधारमा तयार सूचि**

| कार्यक्षेत्र → / उम्मेदवारको नाम ↓ | अध्ययन अनुसन्धान तथा प्रकाशन (Research) (५०) | वस्तु, प्रविधि विकास तथा नवीनतम सृजना (Product, Technology Development & Innovation) (१५) | संरक्षण/सम्वर्द्धन तथा दिगो उपयोग (मानवीय, सामाजिक,आर्थिक र वातावरणीय योगदान) Conservation/Promotion & Sustainable Use (Humanitarian, Socio-economic & Environmental contribution) (१०) | पहुँच (Out reach) (१०) | शैक्षिक पृष्ठभूमि (Educational Background) (१०) | वस्तुनिष्ठ मूल्याङ्कन (समग्रताका आधारमा) (५) | जम्मा प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ...... | | | | | | | |
| ...... | | | | | | | |

टिप्पणीः कोष्ठ भित्रको अङ्कले अङ्कभार जनाउने छ ।

<u>समिति पदाधिकारीहरूको हस्ताक्षर</u>

मितिः ............

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ............................ | ............................ | ............................ | ............................ | ............................ | ............................ | ............................ |
| (नामः ............... ) | (नामः ............... ) | (नामः ............... ) | (नामः ............... ) | (नामः ............... ) | (नामः ............... ) | (नामः ............... ) |
| (सदस्य) | (सदस्य) | (सदस्य) | (सदस्य) | (सदस्य) | (सदस्य) | (सदस्य) |

..................................
(नामः ................. )
(सदस्य-सचिव)

..................................
(नामः ................. )
(संयोजक)

अनुसूची २ क, ख, ग, घ र ङ सङ्ग सम्बन्धित अङ्क भार र भारित सहितको तालिका

| क्र. सं. | कार्यक्षेत्र | सूचक संख्या | अङ्क भार |
|---|---|---|---|
| १ | अध्ययन अनुसन्धान तथा प्रकाशन (Research and Publication) | १० | ५० |
| २ | वस्तु, प्रविधि विकास तथा नवीनतम सृजना (Product, Technology Development & Innovation) | ३ | १५ |
| ३ | संरक्षण/सम्वर्द्धन तथा दिगो उपयोग (Conservation/Promotion & Sustainable Use) (मानवीय, सामाजिक, आर्थिक र वातावरणीय योगदान) (Humanitarian, Social, Economic & Environmental contribution) | १ | १० |
| ४ | शैक्षिक पृष्ठभूमि (Educational Background) | ४ | १० |
| ५ | वस्तुनिष्ठ मूल्याङ्कन (समग्रताका आधारमा) | १ | ५ |
| ६ | पहुँच (Out reach) | ४ | १० |

| सूचक नं. | सूचकको नाम (अध्ययन अनुसन्धान तथा प्रकाशन) | संख्या | अङ्क भार | भारित अङ्क | समूहको कुल अङ्क |
|---|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित कम्तिमा ३ वटा वैज्ञानिक अनुसन्धानात्मक लेख रचना | ३ | ४ | १२ | |
| २ | कम्तिमा २ वटा प्रकाशित पुस्तक | २ | ३ | ६ | |
| ३ | राष्ट्रिय जर्नलमा प्रकाशित कम्तिमा ३ वटा वैज्ञानिक अनुसन्धानात्मक | ३ | ३ | ९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लेख रचना | | | | ५० |
| ४ | डिजिटल माध्यम वा प्रिन्ट माध्यममा प्रकाशित कम्तिमा ३ वटा जानकारीमुलक लेख रचना | ३ | १ | ३ | |
| ५ | नीतिगत दस्तावेज तयारी | १ | ३ | ३ | |
| ६ | कार्यगत दस्तावेज तयारी | १ | २ | २ | |
| ७ | वैज्ञानिक जगतको लागी नयाँ वनस्पति पहिचान (प्रकाशित) | १ | ६ | ६ | |
| ८ | नेपालको लागी नयाँ वनस्पति पहिचान (प्रकाशित) | १ | ३ | ३ | |
| ९ | अध्ययन अनुसन्धानको लागि कुनै ग्रान्ट प्राप्त | १ | २ | २ | |
| १० | अध्ययन अनुसन्धानको लागि कुनै पुरस्कार वा सम्मान प्राप्त | १ | ४ | ४ | |
| **सूचक नं.** | **सूचकको नाम (वस्तु, प्रविधि विकास तथा नवीनतम सृजना)** | **संख्या** | **अङ्क भार** | **भारित अङ्क** | **समूहको कुल अङ्क** |
| १ | नयाँ फाइटोकेमिकल मोलिक्युलको खोजी (प्रकाशित) | २ | २.५ | ५ | १५ |
| २ | प्रविधि, सीप, ज्ञानको पेटेन्ट | १ | ५ | ५ | |
| ३ | वनस्पतिको नयाँ अनुसन्धान वा परम्परागत ज्ञानमा आधारित नवीनतम वस्तु उत्पादन (बौद्धिक सम्पत्ति अधिकार दर्ता गरिएको) | १ | ५ | ५ | |
| **सूचक नं.** | **सूचकको नाम संरक्षण/सम्वर्द्धन तथा दिगो उपयोग (मानवीय, सामाजिक, आर्थिक र वातावरणीय योगदान)** | **पक्ष** | **भार** | **भारित अङ्क** | **समूहको कुल अङ्क** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सामाजिक, आर्थिक, वातावरणीय र मानवीय पक्षमा गरेको योगदान | ४ | २.५ | १० | १० |
| **सूचक नं.** | **सूचकको नाम**<br>**पहुँच (Out reach)** | **संख्या** | **अङ्क भार** | **भारित अङ्क** | **समूहको कुल अङ्क** |
| १ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धित संस्थामा आबद्धता कम्तिमा ३ वटा | ३ | १ | ३ | १० |
| २ | अध्ययनको महत्व (citations): कम्तिमा १० वटा citations बापत १ अङ्क र बढीमा ३ अङ्क प्रदान गरिने | | | ३ | |
| ३ | क्षमता विकास, ज्ञानको प्रशारण तथा उपयोगिता कम्तिमा २ वटा | २ | १ | २ | |
| ४ | कम्तिमा २ वटा सम्बन्धित संस्थामा नेतृत्व तथा समन्वय गरेको | २ | १ | २ | |
| **सूचक नं.** | **सूचकको नाम**<br>शैक्षिक पृष्ठभूमि | | **अङ्क भार** | **भारित अङ्क** | **समूहको कुल अङ्क** |
| १ | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | | १ | १ | १० |
| २ | स्नातक तह उत्तीर्ण | | २ | २ | |
| ३ | स्नातकोत्तर तह उत्तीर्ण | | ३ | ३ | |
| ४ | विद्यावारिधि उपाधी प्राप्त | | ४ | ४ | |
| **सूचक नं.** | **सूचकको नाम**<br>**वस्तुनिष्ठ मूल्याङ्कन (समग्रताका आधारमा)** | | **अङ्क भार** | **भारित अङ्क** | **समूहको कुल अङ्क** |
| १ | पेश गरेका कागजात तथा विवरणहरुको आधारमा वस्तुनिष्ठ मूल्याङ्कन | | ५ | ५ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बापत | | | | |

*माथि उल्लेखित सूचक अनुरुप मूल लेखक वा सम्पादक वा समुहको प्रमुखको रुपमा कार्य गरेको हकमा पूर्ण अंक अन्यथा आधा अंक मात्र प्रदान गरिनेछ । सम्पूर्ण सूचकहरु वनस्पति सम्वन्धि अध्ययन अनुसन्धानको हकमा मात्र आकर्षित हुनेछन् ।*

**नोटः** १. एउटा जर्नल वा प्रकाशन वापत एउटा विधामा मात्र अङ्क गणना गरिनेछ ।

२. जर्नल र पुस्तक प्रकाशन बापतको अङ्क प्रदान गर्दा मूल लेखक (First Author) को हकमा पूरा अङ्क र सह-लेखक (Co-Author) को हकमा सो पूरा अङ्कको आधा अङ्क मात्र प्रदान गरिने छ ।

३. वस्तुनिष्ठ मूल्याङ्कन वापत अङ्क प्रदान गर्दा पछिल्लो १० वर्ष भित्रमा यस क्षेत्रमा गरेको सक्रिय योगदानलाई मूख्य आधार बनाइनेछ ।